**सर्वोच्च अदालत, पूर्ण इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री अव्दुल अजीज मुसलमान**

**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**आदेश**

**०८१-WF-०००९**

**मुद्दाः उत्प्रेषणयुक्त परमादेशसमेत।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३० ज्ञानेश्वर, वशिष्ठधाम मार्ग बस्ने कृष्णबहादुर राउत क्षेत्रीको नाति, दिलबहादुर राउत क्षेत्रीको छोरा अधिवक्ता रामबहादुर राउत..........................................१
ऐ. काठमाडौं महानगरपालिका वडा नं.३ बस्ने भरतकुमार बस्नेत ............१ — निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ............१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..............................................१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंदरबार, काठमाडौं .........१ — विपक्षी

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

१. रिट निवेदक रामबहादुर राउत (रामेश्वर राउत मातृदास) कानूनको विद्यार्थी भई मुलुकमा विधिको शासन, लोकतान्त्रिक व्यवस्था र स्वतन्त्र न्यायपालिकाको पक्षमा निरन्तर काम गर्दै आएको छु। हामीले सर्वोच्च अदालत र मातहत अदालतहरूमा बहस पैरवी गर्नुका साथै

कानूनसम्बन्धी अध्ययन-अनुसन्धान र अनुसन्धानात्मक लेख-रचनाहरू लेख्दै आएको छौं। राष्ट्रिय परिचयपत्रको विषयमा हाम्रो समेत सरोकार रही सार्वभौमसत्ता सम्पन्न नेपाल र आम नेपाली नागरिकहरूको नैसर्गिक अधिकार, सांस्कृतिक अधिकार, गोपनीयताको हक र भाषिक हकसँग सम्बन्धित रही यो निवेदन लिएर आएका छौं। म निवेदक रामबहादुर राउत नेपाली भाषा साहित्यको विगत २७-२८ वर्षदेखि निरन्तर साधक र अन्वेषक पनि हुँ। देवनागरी लिपिका चौसट्टी वर्णाक्षर र अंकहरू हाम्रा सम्पूर्ण साक्ष्य प्रमाणहरूको आधार हुन्। यिनै वर्णाक्षरहरूले नै हाम्रो आदि ग्रन्थ, इतिहास, भूगोल, साहित्य, कला, संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, धर्म र न्यायिक सिद्धान्तहरू अवलम्बन भइराखेकोमा विपक्षीहरूको काम कारवाहीले दीर्घकालिन र अपूरणीय क्षति पुग्ने स्पष्ट छ। विपक्षीहरूको कार्यले हाम्रो साक्ष्य प्रमाण नैसर्गिक भाषिक अधिकार र गोपनीयताको हकमाथि आघात पुऱ्याई कालान्तरमा गोपनीयताको हक र सांस्कृतिक हक नै समाप्त पार्ने प्रष्ट हुँदा यो रिट निवेदनमार्फत भाषिक, सांस्कृतिक र गोपनीयताको हक संरक्षणका लागि न्यायिक उपचार खोज्न उपस्थित भएको छौं।

नेपालमा प्राग ऐतिहासिक कालदेखि नै बहुसांस्कृतिक र बहुभाषिक विभिन्न संस्कृति, भाषा, रीतिरिवाज, प्रथा, परम्परा र संस्कारहरू विद्यमान छन्। हिमालदेखि तराईसम्म, उपत्यका र दूनहरूमा हजारौं वर्षदेखि बसोबास गर्दै आएका विभिन्न जातिहरूको आ-आफ्नै विशिष्ट सांस्कृतिक पहिचान छ। वर्तमान संविधानको धारा ३२(३) ले यी सांस्कृतिक विविधताको संरक्षणको प्रत्याभूति गरेको छ। तर राष्ट्रिय परिचयपत्रले यस संवैधानिक व्यवस्थालाई पूर्णतः बेवास्ता गरी पुरुषहरूलाई टोपी र दौरा सुरुवाल खोल्न बाध्य र महिलाहरूलाई सिउँदोको सिन्दुर पुछ्न र चुरा, पोते, फुली जस्ता नारी सौन्दर्यका चिन्हहरू हटाउन लगाएको छ। यस्ता अपमानजनक कार्यले नेपाल र नेपालीहरूको मौलिक पहिचान नै सदाका लागि समाप्त पारेको छ। संयुक्त राष्ट्रसंघ र युनेस्कोको नीतिअनुसार कुनै पनि देशको भाषा, लिपि, अक्षर, धर्म, संस्कार, संस्कृति, परम्परा र रीतिरिवाजलाई हटाउन, घटाउन वा नष्ट गर्न पाइँदैन। राष्ट्रिय परिचयपत्रले यी अन्तर्राष्ट्रिय मान्यता र हाम्रो संविधानको प्रावधानको पूर्ण उल्लंघन गरेको छ। त्यसैले यसलाई तत्काल रद्द र बन्द गर्न परमादेशको आदेश जारी गरी न्याय पाऊँ।

मिति २०८१ असार १० गते नेपाल सरकार गृह मन्त्रालयले खण्ड ७४, संख्या १५ कायम भएको राजपत्र भाग ५ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० को प्रयोजनको लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा नेपाल सरकारले गरेको निर्णय आम सार्वभौमसत्ता सम्पन्न नेपालीको जानकारीको लागि भनी सूचना छापिएको थियो। सो सूचनामा ७७ वटा जिल्लामध्ये कुनैमा मिति २०८१।०४।०१, कुनैमा मिति २०८१।१०।१, कुनैमा मिति २०८२।०४।०१ देखि नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न राष्ट्रिय परिचयपत्र पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सुविधा प्राप्त गर्न नेपाली नागरिकलाई बाध्यात्मक सूचना जारी गरेको छ, जुन पूर्णतः असंवैधानिक भएको हुँदा खारेजजन्य छ, खारेज गरिपाऊँ।

नेपालको संविधानको भाग २ मा रहेको धारा १५ को भावनाबमोजिम प्रत्येक नेपालीको परिचय खुलाउने एक मात्र आधिकारिक दस्तावेज भनेको नागरिकताको प्रमाणपत्र मात्र हो। धारा १०(२) मा नेपालमा प्रादेशिक पहिचानसहितको एक संघीय नागरिकताको प्रबन्धले प्रष्ट पारेको छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १५ मा नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने व्यवस्था तोकिएबमोजिम हुने भनिए अनुरूप नेपाल नागरिकता नियमावली, २०६३ को नियम १३ मा विद्युतीय माध्यमबाट समेत अभिलेख राख्न सकिने बेहोरा उल्लेख छ। नेपाली नागरिकको परिचयको एकमात्र अनिवार्य आधार नागरिकताको प्रमाणपत्र मात्र हुनाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ९ मा उल्लिखित परिचयपत्रलाई नेपालको संविधानले चिन्दैन। संविधानले नै नचिनेको, ऐनमा नभएको, विनियममा व्यवस्था नभएको राष्ट्रिय परिचयपत्र स्वतः गैरकानूनी हुने र बाध्यकारी नहुने प्रष्ट भएको हुँदा स्वतः बदर गरी नेपाली नागरिकता अनुरूप नै हुने गरिपाऊँ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को परिच्छेद-२ पूरै र दफा ४५ नेपालको संविधानको धारा १ विपरीत रहेकाले तत् प्रावधानको हैसियत पूर्णतः शून्य हुन्छ। सो ऐनका अन्य प्रावधानहरू भने व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनका लागि आवश्यक हुन सक्छन्। तर व्यक्तिगत घटना दर्तासँग कथित राष्ट्रिय परिचयपत्र नजोडिदिएकाले व्यक्तिगत घटना गर्ने कार्य आम नेपालीका लागि असंवैधानिक एवं गैरकानूनी सास्ती तथा हैरानी

भएको हुँदा गैरकानूनी कार्य रद्द गरी बदरभागी छ, बदर गरिपाऊँ।

गृह मन्त्रालयको उल्लिखित सूचनाले नेपालीको भोक निद्रा खाइदिएको एउटै उदाहरण मिति २०८१।०३।१८ को गोरखापत्रमा छापिएको यसै निवेदनसाथ संलग्न समाचारले गरिराखेको हुँदा नेपाल सरकारले जनताको अभिभावकीय भूमिका खेल्न पर्नेमा भोक-प्यास र निद्रासमेत छाडेर दिनरात नभनी गैरकानूनी कार्य प्रयोजनका लागि तँछाड मछाड गराएर राष्ट्रिय परिचयपत्र लिन आवेदन गर्नु भन्ने उर्दी जारी गरेको छ। संविधानले नै नचिन्ने कथित परिचयपत्र लिने भए लेऊ, नलिए सरकारले चिन्दिन भन्ने सूचना जारी गर्ने र ऐन, कानून र संविधानमै नभएको व्यवस्था राजपत्रमा प्रकाशित गर्दैमा नागरिकहरूका लागि बाध्यकारी हुने नदेखिँदा राष्ट्रिय परिचयपत्र समुच्चा समुच्चै बदर गरी न्याय पाऊँ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० अनुसार जारी गरिएको सूचनाको संवैधानिक एवं कानूनी हैसियत नरहेको हुँदा बदर हुनुपर्ने प्रष्ट छ, बदर गरी न्याय पाऊँ। असंवैधानिक राष्ट्रिय परिचयपत्र रद्द गरिपाऊँ। संविधानको धारा ३०६(१)(ज) बमोजिमको राज्यशक्तिलाई धारा १(२) को प्रावधान आकर्षित हुनुपर्छ, त्यसैले राष्ट्रिय परिचयपत्र खारेज होस्।

विपक्षीहरूको उपरोक्त कार्यले म लगायत सम्पूर्ण नेपालीको संवैधानिक हकमा मात्र होइन, मानसिकतामा पनि आघात पुगेको हुँदा गृह मन्त्रालयको मिति २०८१।३।१० को राजपत्रमा छापिएको उल्लिखित सूचना उत्प्रेषणको आदेशले बदर गरी व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सहज गर्नु भन्ने परमादेशसमेत जारी गरिपाऊँ। पञ्जीकरण ऐनको परिच्छेद-२ र दफा ४५ को सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४५ (३) को प्रावधान क्रियाशील गर्ने अन्तर्निहित अधिकार भएकोले मिति २०८१।३।१० को राजपत्रमा छपाएको गृह मन्त्रालयको सूचनाबाट हामी लगायत सम्पूर्ण नेपालीलाई अपूरणीय क्षति एवं हैरानी भइरहेको हुनाले सबै प्रत्यर्थीहरूको नाममा यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सो सूचना बमोजिमको कार्य नगर्नू, नगराउनू भनी अग्राधिकारसहितको अन्तरिम आदेश जारी गरिपाउँ **भन्ने निवेदन मागदाबी**।

२. यसमा, राज्यले नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्बर प्रदान गरी सोही परिचयपत्रको माध्यमबाट सार्वजनिक सेवा सुविधा प्रवाह गर्ने नीति

अवलम्बन गरी सो अनुरुप राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्बर पेस गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा राज्यको त्यस प्रकारको नीतिगत व्यवस्थाले निवेदकको संविधान प्रदत्त के कुन हक अधिकारको के कसरी हनन हुन गएको हो, प्रस्ट खुलाउनु पर्नेमा सो उल्लेख नगरेको, साथै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(२) (घ) तथा ४१ समेतको प्रक्रिया पूरा गरेको नदेखिँदा यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत प्रस्तुत रिट निवेदन दर्ता गर्न मिलेन। अतः मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२८ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १८ बमोजिम दरपिठ गरी दिइएको छ। कानूनबमोजिम गर्नु **भन्ने मिति २०८१।३।२४ मा यस अदालतबाट भएको दरपिठ आदेश।**

३. यसमा नेपाल सरकार, गृह मन्त्रालयबाट मिति २०८१।३।१० मा राजपत्रमा प्रकाशित सूचना बमोजिम "*नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नु पर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर पेस गरी सेवा सुविधा प्राप्त गर्ने*" भन्ने बेहोराले सूचनामा तोकिएको मिति उप्रान्त सार्वजनिक सेवा लिनका लागि नागरिकता प्रमाण पत्र नभई राष्ट्रिय परिचयपत्रलाई अनिवार्य, वैकल्पिक वा ऐच्छिक कुन प्रमाणको श्रेणीमा राखेको हो? नेपाल सरकारको उल्लिखित सूचना नेपालको संविधानको धारा १०(२) र धारा १५ मा भएको संवैधानिक व्यवस्था प्रतिकूल हुने हो होइन ? भन्ने जस्ता जटिल संवैधानिक र कानूनी प्रश्नहरु रिट निवेदनमा उठाइएको र उक्त प्रश्नहरुको निरुपण यस अदालतको इजलासबाटै हुनुपर्ने देखिएकोले यस अदालतका रजिष्ट्रारबाट रिट निवेदन दरपिठ गर्ने गरी मिति २०८१।३।२४ मा भएको आदेश बदर गरिदिएको छ। रिट निवेदन दर्ता गरी नियमानुसार गर्नू भन्ने मिति २०८१।३।२७ मा यस अदालतबाट भएको आदेश। प्रस्तुत आदेशबमोजिम रिट निवेदन दर्ता भएको।

४. यसमा निवेदकको मागबमोजिम उत्प्रेषण परमादेशको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले पन्ध्र दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका

नाममा सूचना म्याद जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जबाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै, अन्तरिम आदेशसमेत माग भएतर्फ हेर्दा निवेदकतर्फका विद्वान् अधिवक्ताहरूले सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित मिति २०८१।३।१० को राष्ट्रिय परिचयपत्रको प्रयोगसम्बन्धी सूचनाअनुसार तोकिएका स्थान तथा सेवा सुविधामध्ये केहीको हकमा तत्काल लागू नगर्ने गरी मन्त्रिपरिषद्बाट मिति २०८१।३।२४ मा निर्णय भएको भन्नेसमेत जानकारी गराउनु भएको सन्दर्भमा बिपक्षीसमेतसँग छलफल गरी निष्कर्षमा पुग्न मनासिव देखिँदा सोको लागि मिति २०८१।४।१४ को पेसी तोकी बिपक्षीहरुलाई जानकारीसमेत गराई नियमानुसार पेस गर्नू भन्ने **मिति २०८१।३।३० मा यस अदालतबाट भएको आदेश।**

५. व्यक्तिका वैयक्तिक र जैविक विवरणको एकीकृत अभिलेख तयार गर्ने तथा नागरिकलाई प्रदान गरिने सेवा प्रवाहलाई सुव्यवस्थित, सरल र सहज बनाउँन विधायिकी कानूनद्वारा व्यवस्थित गरिएको विषयलाई अन्यथा भन्न मिल्ने हुँदैन। नेपालको संविधानको धारा ५१ को राज्यका नीतिहरु अन्तर्गत खण्ड (च) को उपखण्ड (७) मा रहेको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृतरुपमा व्यवस्थापन गर्ने नीतिगत व्यवस्थालाई समेत सम्बोधन गर्न, नागरिकताको विकल्पको रुपमा नभई व्यक्तिका वैयक्तिक र जैविक विवरणको एकीकृत अभिलेख तयार गर्न र नागरिकलाई प्रदान गरिने सेवा प्रवाहलाई सुव्यवस्थित, सरल र सहज बनाउँन विधायिकी कानूनद्वारा व्यवस्थित गरिएको विषयलाई अन्यथा भन्न मिल्ने हुँदैन। जैविक विवरण लगायतका नागरिकताको प्रमाणपत्रमा समावेश नहुने विवरणहरुसमेत राष्ट्रिय परिचयपत्रमा अभिलेखित हुने व्यवस्था गरिएको, नागरिकता प्रमाणपत्र प्राप्त गर्ने हक र सोको उपयोग गर्ने संवैधानिक व्यवस्थालाई सङ्कुचन वा बाहेक गरेको अवस्था नरहेको र सार्वजनिक सेवा प्रवाह गर्ने प्रयोजनको लागि नागरिकताको प्रमाणपत्र बाहेक कुनै प्रणाली अवलम्बन गर्न नमिल्ने भनी नेपालको संविधानले रोक लगाएको अवस्था पनि छैन। सूचनामा बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए तापनि सेवा लिन बाधा नपर्ने समेत उल्लेख भएबाट लोककल्याणकारी राज्यको अवधारणा अनुरुप प्रत्येक नागरिकलाई सहज, सरल र व्यवस्थित रुपमा सेवा प्रवाह गर्न लागू हुने स्थान र मितिसहित तोकी प्रकाशित

गरिएको सूचना मिति २०८१।३।२७ गते परेको वर्षाका कारण बाढी, पहिरो र विपद्को अवस्था सिर्जना हुन गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र बनाउँन असहज हुन गएकाले उक्त प्रयोजनका लागि हाललाई राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्न गृह मन्त्रालयलाई निर्देशनसमेत भएको छ।

६. निवेदनमा उठान गरिएको विषयमा यस मन्त्रालयको के कस्तो संलग्नता वा भूमिकाबाट निवेदकलाई अन्याय पर्न गएको हो, सो सम्बन्धमा कुनै कुरा उल्लेख सम्म गर्न सकेको छैन। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट निवेदक रविन्द्र श्रेष्ठ समेत विरुद्ध नेपाल सरकार, स्वास्थ्य मन्त्रालयसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०७३ अंक २, नि.नं.९५३८) मा "*संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनको निरूपणका लागि यस अदालतले लिने गरेको आधारहरूमा विधायीका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिन्छ। कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ। सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन*" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। अतः उक्त प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रस्तुत रिट निवेदन जिकिर खारेजभागी छ, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको** तर्फबाट यस अदालतमा पेस भएको लिखित जबाफ।

७. प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने, एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो प्रणालीलाई राज्यबाट उपलब्ध सेवा सुविधा तथा व्यक्तिको विवरण सङ्कलनमा दोहोरोपना नहुने तथा एकै परिचयपत्रबाट विभिन्न सेवाहरु प्राप्त गर्न सकिने हुन्छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्लामा त्यस्तो सूचनामा तोकिएको मितिदेखि राष्ट्रिय परिचयपत्र लागू हुनेछ भनी उल्लेख गरेको कारण विभागीय मन्त्रीबाट प्रस्ताव पेस भई नेपाल सरकार, मन्त्रिपरिषद्द्वारा राष्ट्रिय परिचयपत्र लागू गर्ने सेवा र जिल्ला सम्बन्धमा मिति २०८१।०२।२४ मा निर्णय गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मिति २०८१।०४।०१ देखि २८

जिल्लामा, मिति २०८१।१०।०१ देखि ३८ जिल्लामा, र मिति २०८२।०४।०१ देखि ११ जिल्लामा लागू हुनेछ भन्ने उल्लेख गरिएको छ।

८. ऐनको दफा १० मा परिचयपत्र लागू भएपछि नेपाल सरकारको स्वामित्वमा रहेको निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा परिचयपत्र पेस गर्नुपर्ने तर परिचयपत्र नभए पनि परिचय नम्बरको आधारमा सुविधा प्राप्त गर्न सक्ने भनी उल्लेख गरिएको, दफा १० को उपदफा (३) मा सरकारी तथा निजी संस्थाले कुनै सेवा दिनको लागि कुनै परिचयपत्र जारी गरेको वा सोको लागि कुनै परिचयपत्र आवश्यक पर्ने व्यवस्था रहेकोमा त्यस्तो परिचयपत्रको सट्टा यस ऐन बमोजिमको परिचय नम्बर वा परिचयपत्रलाई उपयोग गर्न सकिने भनी उल्लेख गरिएको छ। सामाजिक सुरक्षा, स्वास्थ्य बिमा र निवृत्तिभरणसम्बन्धी सेवामा राष्ट्रिय परिचयपत्र लागू हुने जिल्लाको निर्धारण गर्दा भौगोलिक अवस्था, यातायातको सुगमता लगायतका विषयवस्तुलाई विचार गरी निर्धारण गरिएको छ। यसरी जनताका प्रतिनिधिहरुबाट तर्जुमा भएको विधेयक जनताकै हित र कल्याणका लागि तर्जुमा भएको हुनाले अन्यथा भन्न मिल्दैन। राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित विषयमा यस प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई अधिवक्ता विमल पोखरेलले दायर गर्नु भएको ०८०-WO-१३९६ को रिट निवेदनसमेत सम्मानित अदालतमा विचाराधीन रहेको छ। अनावश्यकरुपमा सम्मानित अदालत तथा सार्वजनिक निकायको कार्यबोझ बढाउने गरी रिट निवेदन दायर गरिने प्रवृतिलाई समेत निरुत्साहित गरिपाऊँ। नेपाल सरकार संविधानको पालना र नागरिकका हक अधिकारको रक्षा तथा मौलिक हकको कार्यान्वयनमा प्रतिबद्ध रहेको छ। उल्लिखित बुँदाका आधारमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकातर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

९. रिट निवेदनको अध्ययन गर्दा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै ठोस कारण देखिँदैन। नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान र कानूनद्वारा प्रदत्त मौलिक तथा कानूनी हक अधिकारको सम्मान संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यमा सदैब

प्रतिबद्ध रहेको छ। नेपालको प्रचलित कानूनबमोजिम व्यवस्था गरिएको राष्ट्रिय अभियानकोरुपमा रहेको राष्ट्रिय परिचयपत्रलाई कानून विपरीत भन्नु उपयुक्त हुँदैन। राज्यबाट नागरिकलाई दिइने विभिन्न प्रकारका परिचयपत्र तथा प्रमाणपूर्जा, नेपाली नागरिकता प्रमाणपत्र आदि सबैलाई एकीकृत गरी एउटै राष्ट्रिय परिचयपत्रबाट विवरण खुल्ने व्यवस्था कायम गरी सुशासनको क्षेत्रमा गरिएको कार्यलाई गैरकानूनी भन्न मिल्दैन। राष्ट्रिय परिचयपत्र जस्तो संवेदनशील र महत्वपूर्ण अति आवश्यक विषयलाई प्रचलित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा अन्य सम्बन्धित कानूनहरुमा उल्लिखित व्यवस्थाहरुलाई प्रचलनमा ल्याउन यस मन्त्रालयबाट विभिन्न मितिमा प्रकाशन भएका सूचना, निर्णय एवम् परिपत्रहरु कानूनबमोजिम र रीतपूर्वक भएको हुँदा यस मन्त्रालयबाट रिट निवेदकको हक अधिकार हनन् हुने कुनै काम कारबाही तथा निर्णय समेत भएको देखिँदैन। साथै वस्तुनिष्ठ आधार, कारण तथा प्रमाण बिना यस मन्त्रालयलाईसमेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयकोतर्फबाट यस अदालतमा पेस भएको लिखित जबाफ।**

१०. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को परिच्छेद-२ पूरै, दफा २, दफा ४५, दफा ४८ एवं अन्य सम्बन्धित प्रावधानहरू संविधानको धारा १ सँग बाझिएको हुनाले तिनको हैसियत संविधानको धारा १ अनुरूप पुर्णतः शुन्य भएकोले सुरुदेखि नै अमान्य घोषित गरिपाऊँ। साथै, संविधानको धारा १(२) विपरीत राष्ट्रिय परिचयपत्रको परिकल्पना गरी राष्ट्र हित प्रतिकूल कार्य गर्ने सबैलाई धारा ५(२) अनुरूप कारबाही हुनुपर्ने हुनाले सोही प्रकृतिको निर्देशनात्मक परमादेश समेत जारी गरिपाऊँ। यो विषय सम्पूर्ण नेपालीसँग जोडिएको सार्वजनिक सरोकारको विषय भएकोले मूल रिट निवेदन र यस पूरक निवेदनलाई एकैसाथ राखी अग्राधिकार दिई बृहद् पूर्ण इजलासबाट हेरिने प्रबन्धसमेत गरिपाउँ **भन्ने बेहोराको निवेदकको मिति २०८१।५।१९ मा परेको पुरक निवेदन।**

११. यसमा निवेदकले नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८१।०३।१० को राजपत्रको भाग ५ बुँदा नं. (क) मा प्रकाशित *“नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी*

*त्यस्तो सुविधा प्राप्त गर्न* भन्ने सूचना र उक्त सूचना बमोजिमको कार्य यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नू, नगराउनू भनी अन्तरिम आदेशसमेतको माग गरेको देखियो। यसै सम्बन्धमा सामाजिक सुरक्षा भत्ताको विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चलानी नं. ३४, मिति २०८१।०४।०७ को पत्रबाट देशभर निरन्तर परेको वर्षाको कारण ठाउँ-ठाउँमा बाढी, पहिरो र विपदको अवस्था सिर्जना हुन गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र बनाउँन असहज हुन गएको कारण देखाई राष्ट्रिय परिचयपत्र (NID) हाललाई अनिवार्य नगर्ने भनी सबै स्थानीय तहलाई निर्देशन दिएको देखियो।

प्रस्तुत अवस्थाले राष्ट्रिय परिचयपत्र सामाजिक सुरक्षा भत्ता प्रयोजनका हकमा मात्र र सो पनि केही समयसम्मका लागि अनिवार्य नभएको भन्ने नै देखियो। नेपाल राजपत्रमा उल्लिखित व्यवस्था कायमै रहेमा आम नागरिकहरू आफूसँग नेपाली नागरिकताको प्रमाणपत्र भएर पनि राष्ट्रिय परिचयपत्र नभएकै आधारमा नेपाल सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवाजस्तो अत्यावश्यक सुविधा प्राप्त गर्नबाट वञ्चित हुनुपर्ने देखिँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म नेपाल सरकार गृह मन्त्रालयको मिति २०८१।०३।१० को राजपत्रको भाग ५ बुँदा नं. (क) मा प्रकाशित *"नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गर्ने"* भन्ने व्यवस्थामा उल्लिखित "सट्टामा" शब्दलाई स्थगन गरी नेपाल सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियामावली, २०७४ को नियम ४९ को उपनियम २(क) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी तत्काल विपक्षीहरूलाई दिई नियमानुसार गर्नू **भन्नेसमेत बेहोराको मिति २०८१।५।७ मा यस अदालतबाट भएको अन्तरिम आदेश।**

१२. चालु आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. १८४ ले राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको महत्वपूर्ण भूमिकालाई रेखांकित गरेको छ। यसले व्यक्तिको वैयक्तिक र जैविक विवरणको प्रमाणीकरण मार्फत दोहोरो भत्ता र अनियमितता नियन्त्रण गर्न सहयोग गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा ३८,२९,४८९ लाभग्राही रहेकोमा

चालु आ.व. ०८१/८२ मा यो संख्या घटेर ३४,९५,९०६ मा झरेको छ। यसबाट राज्यकोषमा करिब रु.४ अर्ब ७१ करोड बचत भएको छ। साथै, यस प्रणालीलाई सामाजिक सुरक्षा र पेन्सन व्यवस्थापन प्रणालीसँग जोड्दा २,४६६ जना नागरिकले दोहोरो सुविधा लिएको पाइएको र उनीहरूलाई प्रणालीबाट हटाइएको छ। यसले फाराम भर्ने, कागजात बुझाउने र पहिचान खुलाउने प्रक्रियालाई सरल बनाएको छ। फलस्वरूप, सेवा प्राप्तिमा लाग्ने समय र लागत घटेको छ र विद्युतीय सुशासनमा टेवा पुगेको छ। अन्तर्राष्ट्रिय अभ्यास र आर्थिक पक्षः विश्वका धेरै देशहरूले डिजिटल परिचयपत्रको प्रयोग गरिरहेका छन्। नेपालमा यस कार्यक्रममा ७ अर्बभन्दा बढी लगानी भइसकेको छ। हाल ७४ जिल्लामा विवरण दर्ता अभियान सम्पन्न भई १ करोड ६१ लाख नागरिकले राष्ट्रिय परिचय नम्बर प्राप्त गरेका छन्। यसरी परिचयपत्र विवरण सङ्कलन र कार्ड वितरण कार्य भइरहेको अवस्थामा सम्मानित अदालतको उल्लिखित आदेशबाट विभागबाट सञ्चालित कामकारबाही अवरुद्ध हुने अवस्था सिर्जना भएको छ। उल्लिखित प्रकृतिका विषयहरूमा नेपाल सरकारलगायत अन्य स्वायत्त निकायहरूले लिने र लिनुपर्ने नीतिगत निर्णयका विषयमा अदालतले सकभर हस्तक्षेप गर्न उपयुक्त हुने देखिँदैन। सम्मानित अदालतबाट भएको उक्त आदेश सर्वोच्च अदालतबाटै प्रतिपादित सिद्धान्त समेतको विपरीत भएकोले रद्द गरिपाउँ **भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयतर्फबाट अन्तरिम आदेश रद्द गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा मिति २०८१।७।२३ मा परेको निवेदन।**

१३. यसमा रिट निवेदक बिमल पोखरेल विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको रिट नं. ०८०-WO-१३९६ को उत्प्रेषणयुक्त परमादेशसमेतको रिट निवेदन रिट नं. ०८०-WO-१५२४ को उत्प्रेषण परमादेशसमेतको रिट निवेदनसँग लगाउमा राखिएको पाइन्छ। रिट नं. ०८०-WO-१५२४ को रिट निवेदनसँग सम्बन्धित ०८१-FN-०४१२, ०८१-FN-०४१३ को अन्तरिम आदेश खारेज गरिपाऊँ भन्ने सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(७) बमोजिमको निवेदन पेसीमा चढेकोमा रिट नं. ०८०-WO-१३९६ को रिट निवेदकलाई सूचना दिएको मिसिलबाट नदेखिँदा रिट निवेदकलाई पेसीको जानकारी दिई मिति २०८१।०९।११ मा नियमानुसार गरी पेस गर्नू भन्ने **मिति २०८१।९।९ मा यस अदालतबाट भएको आदेश।**

१४. यसमा मिति २०८१।०५।०७ मा यस अदालतबाट विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी भएकोमा अदालतबाट भएको अन्तरिम आदेशबाट विभागबाट सञ्चालित काम कारबाही अवरुद्ध हुने अवस्था सिर्जना भएको हुँदा प्रस्तुत विषयमा भएको अन्तरिम आदेश रद्द गरिपाउँ भनी ०८१-FN-०४१२ र ०८१-FN -०४१३ को निवेदनसमेत पेस हुन आएको देखियो। प्रस्तुत रिट निवेदनमा सार्वजनिक सेवा प्राप्त गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य, वैकल्पिक वा स्वेच्छिक कुन प्रकृतिको हो? सार्वजनिक सेवा प्राप्त गर्नका लागि नेपाली नागरिकताको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर पेस गर्नुपर्ने गरी नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०८१।०३।१० को राजपत्रमा प्रकाशित सूचना नेपालको संविधान र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को अनुकूल छ वा छैन ? सार्वजनिक सेवा प्राप्त गर्नका लागि नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर पेस गर्नुपर्ने गरी प्रकाशित उक्त सूचना बमोजिम अनिवार्य वा बाध्यकारी व्यवस्था गर्न मिल्ने हो, होइन ? भन्ने जटिल कानूनी प्रश्न सन्निहित रहेको र लिखित जबाफसमेत परिसकेको हुँदा पूर्ण इजलासबाट पूर्ण सुनुवाई गरी निरूपण गर्न उपयुक्त हुने र प्रस्तुत राष्ट्रिय महत्वको विषयवस्तु, जटिल कानूनी प्रश्न र गम्भीरतालाई दृष्टिगत गर्दा निवेदनमा शीघ्र निरुपण हुनुपर्ने देखिएकोले मिति २०८१।०९।२५ गते पहिलो प्राथमिकतामा पर्ने गरी पूर्ण सुनुवाइको लागि पेसी राखी सो पेसी कुनै पनि पक्षबाट स्थगीत गर्न नपाउने बेहोरा सम्बन्धित पक्षहरूलाई जानकारी गराई नियमानुसार पूर्ण इजलासमा पेस गर्नू **भन्नेसमेत बेहोराको मिति २०८१।९।१२ मा यस अदालतबाट भएको आदेश।**

## आदेश खण्ड

१५. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा जटिल कानूनी प्रश्न सन्निहित रहेको र लिखित जबाफसमेत परिसकेको हुँदा पूर्ण सुनुवाईका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) को खण्ड (ग) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भनी सुनुवाईको मितिसमेत तोकी पेस भएको प्रस्तुत रिट निवेदनसहितको मिसिल संलग्न कागजात अध्ययन गरियो।

१६. निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद भण्डारी, श्री हरिप्रसाद उप्रेती, श्री उपेन्द्रकेशरी न्यौपाने, श्री बालकृष्ण न्यौपाने, श्री ध्रुवलाल श्रेष्ठ, डा.श्री विश्वदीप अधिकारी, श्री शेरबहादुर के.सी., श्री रमणकुमार श्रेष्ठ, श्री विश्वप्रकाश भण्डारी, श्री दिनेश त्रिपाठी तथा विद्वान् अधिवक्ताहरू श्री बिष्णुभक्त भट्टराई, श्री ईश्वरी घिमिरे, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री सर्बज्ञराज नाय, श्री ईश्वरीप्रसाद सापकोटा, श्री तुलसीराम पोखरेल, श्री चतुर्भुज पाण्डे, श्री विक्रम भण्डारीले र निवेदक विद्वान् अधिवक्ता रामबहादुर राउत स्वयमले राष्ट्रिय परिचयपत्रलाई संविधान र कानूनले नचिनेको हुँदा नेपाली नागरिकतालाई विस्थापित गर्ने गरी ल्याइएको राष्ट्रिय परिचयपत्र खारेज हुनुपर्ने भएकाले विपक्षी नेपाल सरकार गृह मन्त्रालयको मिति २०८१।३।१० को राजपत्रको भाग ५, बुँदा नं. (क) मा प्रकाशित नेपाली नागरिकताको प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर पेस गरी नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह हुने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न सक्ने गरी जारी गरेको सूचना उत्प्रेषणको आदेशले बदर गरी व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सहज गर्नु भन्ने परमादेश जारी गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१७. त्यस्तै, विपक्षीहरूकातर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता श्री रमेश बडाल, विद्वान् नायब महान्यायाधिवक्ताहरू डा.श्री टेकबहादुर घिमिरे, श्री गोपालप्रसाद रिजाल, श्री संजिवराज रेग्मी, श्री खेमराज ज्ञवाली तथा विद्वान् सहन्यायाधिवक्ताद्वय श्री सुर्यराज दाहाल र श्री गोविन्द खनालले नागरिकका व्यक्तिगत सूचना तथा जैविक विवरण एकीकृतरुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा, सुविधा र विकास योजनासँग आवद्ध गर्ने प्रयोजनसमेतका लागि संविधानको मार्गदर्शन, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३, १० को व्यवस्थाको कार्यान्वयनको लागि विभिन्न सेवाहरुमा चरणबद्ध रुपमा राष्ट्रिय परिचयपत्र प्रयोग गर्ने सम्बन्धमा सूचना प्रकाशन गरी लागू गरिएको, ऐनको व्यवस्थाको कार्यान्वयनको क्रममा एक करोड एकसठ्ठी लाख नागरिकले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरिसकेको, बाँकीका लागि देशका विभिन्न स्टेशनका राष्ट्रिय परिचयपत्र इकाईबाट विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरण भइरहेकाले यस्तो सूचना र राष्ट्रिय परिचयपत्र खारेज हुनुपर्ने होइन। त्यसैले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन भनी गर्नुभएको बहससमेत सुनियो। निवेदक विद्वान् अधिवक्ताले

बहसनोटसमेत पेस गर्नुभएको छ।

१८. आज निर्णय सुनाउन पेसी तोकी पेस भएको प्रस्तुत मुद्दामा निवेदक तथा विपक्षीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस, पेस भएको बहसनोट, रिट निवेदन तथा लिखित जबाफ बेहोरा, सो साथ संलग्न कागजातमा उल्लिखित बेहोरासमेतलाई दृष्टिगत गर्दा देहायका प्रश्नमा निर्णय निरूपण गर्नुपर्ने देखियो:-

(क) सार्वजनिक सरोकारको विवाद भनी नेपालको संविधानको धारा १३३(२), (३) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनमा उठाइएका विषयवस्तु यस अदालतबाट न्यायिक निरूपण हुन सक्ने विषय हो होइन?

(ख) राष्ट्रिय परिचयपत्र कस्तो प्रकृतिको परिचयपत्र हो? नेपाली नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रबीचको सम्बन्ध के हो, राष्ट्रिय परिचयपत्रले नेपाली नागरिकतालाई प्रतिस्थापन गर्ने हो होइन? निवेदकले भनेजस्तो संविधान तथा कानूनले राष्ट्रिय परिचयपत्रलाई मान्यता दिएको छ छैन ?

(ग) राष्ट्रिय परिचयपत्र सार्वजनिक सेवा प्रवाहका लागि अनिवार्य हो वा स्वेच्छिक हो? विपक्षी गृह मन्त्रालयबाट प्रकाशित सूचनामा उल्लेख भएको ***नेपाली नागरिकताको प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी सार्वजनिक सेवा सुविधा प्राप्त गर्ने*** भन्ने वाक्यांशका कारण नेपाली नागरिकता भएर पनि राष्ट्रिय परिचयपत्र नभएका कारण नागरिकलाई सार्वजनिक सेवा प्राप्त गर्नबाट वञ्चित गर्न मिल्छ मिल्दैन ?

(घ) रिट निवेदन मागबमोजिम विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१।२।२४ को निर्णय तथा सो निर्णयबमोजिम नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको मिति २०८१।३।१० को सूचना उत्प्रेषणको आदेशले बदर हुन र राष्ट्रिय परिचयपत्र लागू नगर्न परमादेश जारी हुन सक्छ सक्दैन ?

(ङ) विपक्षीहरूका नाउँमा अन्य उपयुक्त आदेश जारी गर्नुपर्ने अवस्था छ छैन?

१९. पहिलो प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा १३३(२) मा *यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को*

*उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ* भन्ने उल्लेख छ। त्यस्तै सोही धाराको उपधारा (३) मा *उपधारा (२) बमोजिमको असाधारण अधिकारक्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने* संवैधानिक बन्दोवस्त गरिएको पाइन्छ। प्रस्तुत संवैधानिक प्रबन्धबमोजिम सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समाबेस भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपण रिट क्षेत्राधिकारमार्फत यस अदालतबाट हुन सक्दछ। सार्वजनिक हक वा सरोकारका विवादमा कुनै संवैधानिक वा कानूनी प्रश्न सन्निहित छैन भने मात्र यस अदालतले निरूपण गर्न नमिल्ने हुन्छ। संवैधानिक वा कानूनी प्रश्न निहित रहेको कुनै सार्वजनिक हित वा सरोकारको विवाद लिएर सोको निरूपणका लागि तात्विक सरोकार र सार्थक सम्बन्ध भएका व्यक्तिले कानुनको रीत प्रक्रिया पुऱ्याई यस अदालतमा न्याय निरूपणका लागि रिट निवेदन दायर गर्न सक्ने नै हुन्छ।

२०. प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १३३(१) वा धारा १३७(२) अन्तर्गत आएको नभई धारा १३३(२), (३) अन्तर्गत भनी परेको रिट निवेदनबाट देखिन्छ। प्रस्तुत रिट निवेदनको बेहोरामा ठाउँ ठाउँमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा ९ मा रहेको राष्ट्रिय परिचयपत्रलाई संविधानले नचिनेकोले उक्त ऐनको परिच्छेद-२ पूरै र दफा ४५ नेपालको संविधानको धारा १ समेतको विपरीत भएकाले ती प्रावधानको हैसियत शून्य हुने, असंवैधानिक राष्ट्रिय परिचयपत्र रद्द/खारेज गर्नुपर्ने भन्ने भन्ने जस्ता वाक्याँश परेको देखिएपनि मूलतः नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८१।२।२४ मा भएको निर्णयका आधारमा विपक्षी गृह मन्त्रालयले मिति २०८१।३।१० मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोगका सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशन गरेको सूचनालाई नेपालको संविधानको धारा १३३(२), (३) का आधारमा प्रस्तुत रिट निवेदनमार्फत चुनौती दिएको देखिन्छ। सो सूचनामा उल्लिखित विभिन्न मितिबाट नेपाल सरकारको स्वामित्वमा रहेका

निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा प्राप्त गर्न वा माग गर्न राष्ट्रिय परिचयपत्र पेस गर्नुपर्ने व्यवस्था गरी नेपाली नागरिकताको प्रमाणपत्रलाई समेत विस्थापित गर्ने अवस्था रहेकाले नेपालको संविधान, कानून विपरीतको त्यस्तो सूचना तथा राष्ट्रिय परिचयपत्र बदर हुनुपर्ने भन्नेसमेतको जिकिर लिएको देखिँदा राष्ट्रिय परिचयपत्र लागू गर्ने निर्णय तथा सो सम्बन्धी काम कारवाही संविधान तथा कानून अनुकूलको हो होइन? भन्ने न्यायिक निरूपण गर्नुपर्ने संवैधानिक र कानूनी प्रश्न सन्निहित रहेको देखिन आएको छ। साथै, सरकारी वा सार्वजनिक सेवा प्राप्तिसँग जोडिएको राष्ट्रिय परिचयपत्रको विषय सार्वजनिक सरोकारको विषय भई निवेदकको समेत सार्थक सरोकार रहेको तथा संवैधानिक र कानूनी प्रश्न सन्निहित रहेको यस्तो सार्वजनिक हित वा सरोकारको विषय यस अदालतबाट न्यायिक निरूपण हुन सक्ने नै विषय देखिन आयो।

२१. दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, प्रथमतः नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रका बारेमा संक्षिप्तमा उल्लेख गर्नु उपयुक्त हुने देखियो। नागरिकताको प्रमाणपत्र कुनैपनि प्राकृतिक व्यक्ति कुन देशको नागरिक हो भन्ने कुराको पहिचान गराउने आधिकारिक प्रमाण हो। नागरिकताको विषय व्यक्तिको राष्ट्रियतासँग जोडिएको हुन्छ। राष्ट्रियतासँग जोडिएको विषय हुँदा नागरिकताको प्रमाणपत्रको स्थान उच्च हुन्छ। कुनैपनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबिचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ।[१] त्यसैले राज्य र नागरिक बिचको राजनीतिक सम्बन्ध-सेतुको रूपमा नागरिकता रहन्छ। संविधान र कानूनद्वारा प्रदत्त राजनीतिक, नागरिक, आर्थिक, साँस्कृतिक लगायतका अधिकारको प्रयोग वा उपभोग गर्नका लागि प्राकृतिक व्यक्तिको योग्यता पुष्टि गर्ने माध्यम नागरिकता हो। राजनीतिक र नागरिक अधिकार नागरिकले मात्र उपभोग गर्न पाउँछन्। त्यसैले नागरिकताको प्रमाणपत्रको स्थान उच्च हुन्छ। नागरिकता प्राप्ति र समाप्तीका आधारहरू संविधानमा तय छन्। अर्कोतर्फ, राष्ट्रिय परिचयपत्र सार्वजनिक सेवा माग वा प्राप्तिका लागि उपयोग हुने परिचयपत्र हो। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २(ज) बमोजिम जैविक विवरण, विद्युतीय चिप्स र सुरक्षणसहितको स्मार्ट कार्ड प्रविधिमा आधारित परिचयपत्र हो। यो सेवा

[१] नेपाल कानून पत्रिका २०७३, अङ्क ७, निर्णय नं.९६२६

प्राप्तिको लागि आवश्यक बहुउपयोगी परिचय कार्ड हो। यसमा व्यक्तिको वैयक्तिक (Demographic) र जैविक विवरण (Biometric) को अभिलेख रहेको हुन्छ। राष्ट्रिय परिचयपत्र नेपाली नागरिकताको प्रमाणपत्रका आधारमा बन्ने र सार्वजनिक सेवा प्राप्तिसमेतका लागि परिचयपत्रकोरूपमा यसको प्रयोग हुने देखिन्छ। नेपाली नागरिकताको प्रमाणपत्रका आधारमा बन्ने र यसमा राष्ट्रियता, नागरिकताको किसिम र नागरिकता नम्बरसमेत राखिने हुनाले राष्ट्रिय परिचयपत्र नेपाली नागरिकताको प्रमाणपत्रलाई बिस्थापित गर्ने स्वरूपमा आएको अर्थमा बुझ्न मिल्ने अवस्था देखिन आएन।

२२. राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनालाई आधिकारिकरूपमा अभिलेख राख्ने कामलाई व्यवस्थित गर्ने क्रममा नदोहोरिने बिशिष्ट वा पृथक नम्बर (Unique Number) दिई विद्युतीय स्वरूपमा समेत अभिलेखीकरण नेपालमा मात्र होइन, अन्य देशमा सफल प्रयोग भएका छन्। छिमेकी मुलुक भारतमा सन् २००९ मा कार्यकारी आदेशद्वारा सुरू गरिएको सार्वजनिक सेवासँग सम्बन्धित आधार कार्डलाई कानूनीरूपमा संस्थागत गर्ने क्रममा सन् २०१६ मा ऐनद्वारा नै व्यवस्थित गरिएको छ।[२] नागरिकलाई मलेसियामा माईकाड (MyKad)[3], कतारमा कतारी कार्ड (The Qatar ID (QID)), सिंगापुरमा सिंगपास (The Singpass) को प्रबन्ध गरी सार्वजनिक सेवासँग आबद्ध गरिएको पाइन्छ।

२३. राष्ट्रिय परिचयपत्रको सन्दर्भ नेपालमा हिजो झट्ट वा कसैको लहडमा आएको हो भन्ने देखिँदैन। आ.व. २०७५/०७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम (बुँदा नं. ५५) मा सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ भन्ने उल्लेख भएको देखिन्छ भने २०७६/०७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम (बुँदा नं. ९४) मा नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ, आगामी चार वर्षभित्रमा सबै नारिकलाई पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ। राज्यबाट प्रवाह हुने सेवा सुविधालाई यस प्रणालीमा आबद्ध गरिनेछ भन्ने उल्लेख भएको पाइन्छ।[४] त्यस्तै नेपाल सरकारको आ.व. २०८१/०८२ को नीति तथा

---

[२] THE AADHAAR (TARGETED DELIVERY OF FINANCIAL AND OTHER SUBSIDIES, BENEFITS AND SERVICES) ACT, 2016

[3] www.cleartax.com/my/en/mykad-malaysia

[४] www.opmcm.gov.np/download/आर्थिक-वर्ष-२०७५-७६-को-नेप/?wpdmdl=4391&refresh=6794b52756b6e1737798951

कार्यक्रमको बुँदा नं. १८४ मा राष्ट्रिय परिचयपत्र प्रणालीलाई राज्यबाट प्रवाह हुने सबै प्रकारका नागरिक सेवा सुविधासँग आबद्ध गरिनेछ भनी सरकारको नीति कार्यक्रममा समावेस गरिएको भन्ने विपक्षीहरूले उलेख गरेकोसमेत पाइयो। त्यसो त, नागरिकका सूचना र विवरण एकीकृतरूपमा व्यवस्थापन गर्न एकीकृत सूचना व्यबस्थापन प्रणालीको विकास गरी यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधासँग आबद्ध गर्ने कुरालाई विक्रम सम्वत् २०७२ सालमा जारी भई लागू भएको हाम्रो मूल कानून अर्थात् नेपालको संविधानमा उल्लेख गरिएकै थियो। वर्तमान नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने संवैधानिक प्रबन्ध नागरिकता शीर्षक अन्तर्गत गरिएको छ। त्यस्तै संविधानको धारा ५१ को राज्यका नीतिहरु अन्तर्गत खण्ड (च) को देहाय (७) मा एकीकृत परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृतरुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने भन्ने नीतिगत संवैधानिक प्रबन्ध गरिएको देखिन आउँछ। यसबाट नेपालको संविधानले राष्ट्रिय परिचयपत्रलाई चिनेको छैन वा मान्यता दिएको छैन भन्ने निवेदकको जिकिर निरर्थक देखिन आयो।

२४. नेपालको संविधानमा राज्यको नीति अन्तर्गत रहेको उपरोक्त व्यवस्थालाई कार्यान्वयन गर्न विभिन्न कानूनी व्यवस्था तय हुने क्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तर्जुमा भई जारी भएको भन्ने देखिन्छ। यो ऐनको प्रस्तावनामा- प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने, व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने, एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो प्रणालीलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजना एवम् सुरक्षा व्यवस्थासँग आवद्ध गर्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था गर्न बाञ्छनीय भई यो ऐन बनाइएको भन्ने उल्लेख भएबाट उपरोक्त संवैधानिक मार्गदर्शनमा प्रस्तुत ऐन बनेको भन्ने देखिन आयो।

२५. उक्त ऐनको दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्लामा त्यस्तो सूचनामा तोकिएको मितिदेखि राष्ट्रिय परिचयपत्र लागू हुनेछ भन्ने उल्लेख भएको छ। दफा १० मा परिचयपत्र लागू भएपछि नेपाल सरकारको स्वामित्वमा रहेको

निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा परिचयपत्र पेस गर्नुपर्ने भन्ने उल्लेख भएको पाइयो। यसरी प्रदान गरिने परिचयपत्रको विद्युतीय चिप्स र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा परिचयपत्र वा परिचय नम्बर प्रदान गरिएको व्यक्तिको अभिलेख राख्नुपर्ने विवरण अन्तर्गत राष्ट्रियता, नागरिकताको किसिम र नागरिकता नम्बरसमेत राख्नुपर्ने व्यवस्था दफा ११ मा गरिएको देखिन्छ। उक्त ऐनको दफा ४(१) मा प्रचलित कानूनबमोजिम नेपालको नागरिकता प्राप्त गरेको वा प्राप्त गर्न योग्यता पुगेको व्यक्ति राष्ट्रिय परिचयपत्र प्राप्त गर्न योग्य हुने भन्ने व्यवस्था रहेकोमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिलाई मात्र यस्तो परिचयपत्र प्रदान गरिएको भन्ने विपक्षीहरुको लिखित जबाफ तथा बहसको क्रममा उल्लेख भएको छ। यसबाट नेपाली नागरिकता प्राप्त नगरेका व्यक्तिले सामान्यतः राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सक्ने अवस्था देखिँदैन। संक्षिप्तमा उल्लेख गर्नुपर्दा, राष्ट्रिय परिचयपत्रका लागि नेपालमा बर्षौं अगाडिदेखि सरकारका नीति कार्यक्रममा समावेस हुँदै आएको, सो सम्बन्धी संवैधानिक तथा कानूनी प्रबन्ध भइरहेको देखिन आएकाले निवेदकले जिकिर लिएजस्तो **संविधान तथा कानूनले राष्ट्रिय परिचयपत्रलाई मान्यता दिएको छैन** भनी मान्न सकिने अवस्था रहेन।

२६. तेस्रो प्रश्नतर्फ विचार गर्दा, संविधानमा उल्लेख भएबमोजिम एकीकृत परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृतरुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने भन्ने नीतिगत व्यवस्था रहेको र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्लामा त्यस्तो सूचनामा तोकिएको मितिदेखि राष्ट्रिय परिचयपत्र लागू हुनेछ भन्ने उल्लेख भएको र दफा १० मा परिचयपत्र लागू भएपछि नेपाल सरकारको स्वामित्वमा रहेको निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा परिचयपत्र पेस गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन आएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मिति २०७६।१०।२८ मा प्रमाणीकरण भएको देखिन्छ भने सो ऐनको दफा १ को उपदफा (२) मा यो ऐन तुरुन्त प्रारम्भ हुनेछ भन्ने उल्लेख छ।

२७. राष्ट्रिय परिचयपत्रका लागि आवश्यक पूर्वाधार, तयारी, संरचनागत तथा नागरिकबाट विवरण सङ्कलन गरी वितरण लगायतका अन्य व्यवस्थापकीय प्रबन्ध गरेर लागू गर्न उपयुक्त हुने ठानी उक्त ऐनको दफा ३ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय परिचयपत्र लागू हुने जिल्ला र लागू हुने मिति तोक्न बिधायिकाले नेपाल सरकारलाई अख्तियारी दिएको देखिन्छ। यसरी नेपाल सरकारले तोकेको मितिबाट तोकिएका जिल्लामा राष्ट्रिय परिचयपत्र लागू हुने र परिचयपत्र लागू भएपछि नेपाल सरकारको स्वामित्वमा रहेको निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र पेस गर्नपर्ने भन्ने उक्त ऐनको दफा १० मा बिशेष कानूनी प्रबन्ध गरिएको हुँदा यो स्वेच्छिक हो भनी मान्न मिल्ने देखिँदैन। सार्वजनिक सेवा प्रवाहमा राष्ट्रिय परिचयपत्रलाई आबद्ध गरिएबाट लागू हुने भनी तोकिएका जिल्लामा लागू गर्नु अगाडि नै राष्ट्रिय परिचयपत्रका लागि सरकारले नागरिकका व्यक्तिगत र जैविक विवरण सङ्कलन गरी राष्ट्रिय परिचयपत्र र सो नभए कम्तीमा पनि राष्ट्रिय परिचयपत्र नम्बर उपलब्ध गराई सक्नु पर्ने भन्ने देखिन्छ।

२८. विपक्षीहरूको लिखित जबाफ तथा निवेदनमा राष्ट्रिय परिचयपत्रको लागि अधिकांश नागरिकको विवरण सङ्कलन गरिसकिएको र एक करोड एकसठ्ठी लाख नागरिकले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरिसकेको भन्ने उल्लेख गरिएको देखिन्छ। वि.सं. २०७५ भाद्रदेखि पाँचथर जिल्लाबाट नागरिकका विवरण सङ्कलन सुरू गरिएकोमा पछिल्लो विवरण अद्यावधिक नभएपनि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेवसाइटबाट वि.सं. २०८१ असोज मसान्तसम्म १,६०,९४,८९४ जना नागरिकको विवरण सङ्कलन गरिएको र १४,३०,१३३ जनालाई परिचयपत्र वितरण गरिएको भन्ने देखिन आएको छ।[५] नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०८१।२।२४ मा निर्णय भई मिति २०८१।३।१० को नेपाल राजपत्रमा गृह मन्त्रालयको सूचना भनी प्रकाशन भएको सूचनामा सामाजिक सुरक्षासम्बन्धी, स्वास्थ्य बीमासम्बन्धी र निवृत्तिभरणसम्बन्धी सेवामा मिति २०८१।४।१ देखि २८ वटा विभिन्न जिल्लामा, मिति २०८१।१०।१ देखि विभिन्न ३८ जिल्लामा र मिति २०८२।४।१ देखि बाँकी ११ जिल्लामा राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सोको आधारमा सेवा प्रदान गर्ने भन्ने उल्लेख भएको देखियो। साथै, राजस्वसम्बन्धी, सवारी

[५] www.donidcr.gov.np, हेरिएको मिति 19th January 2025

चालक अनुमतिपत्रसम्बन्धी, कम्पनी दर्ता तथा नवीकरणसम्बन्धी सेवामा मिति २०८१।४।१ देखि र बैङ्किङ्ग तथा वित्तीय सेवासम्बन्धी, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा किनबेचसम्बन्धी सेवामा मिति २०८१।१०।१ देखि नेपालभर राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने भनी सूचनामा उल्लेख भएको पाइयो।

२९. अब, विपक्षी गृह मन्त्रालयबाट प्रकाशित सूचनामा उल्लेख भएको ***नेपाली नागरिकताको प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी सार्वजनिक सेवा सुविधा प्राप्त गर्ने*** भन्ने वाक्यांशका कारण नेपाली नागरिकता भएर पनि राष्ट्रिय परिचयपत्र नभएका कारण नागरिकलाई सार्वजनिक सेवा प्राप्त गर्नबाट वञ्चित गर्न मिल्छ मिल्दैन ? भन्ने प्रश्नका सम्बन्धमा पनि विचार गर्नु वाञ्छनीय देखियो। निवेदकले विपक्षी गृह मन्त्रालयले राजपत्रमा प्रकाशन गरेको सूचनामा उल्लेख भएको "***नेपाली नागरिकताको प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी सार्वजनिक सेवा सुविधा प्राप्त गर्ने***" भन्ने वाक्यांश परेको देखिन्छ। यो प्राबधानले नेपाली नागरिकताको प्रमाणपत्रलाई प्रतिस्थापन गर्ने भयो र नागरिकताको प्रमाणपत्र भएर पनि राष्ट्रिय परिचयपत्र नभएका कारण सार्वजनिक सेवा प्राप्तिबाट वञ्चित हुने अवस्था रहन पुगेको भन्ने निवेदकहरूको जिकिर रहेको छ।

३०. सिद्धान्ततः राज्य नागरिकको अभिभावकको रूपमा रहन्छ र व्यवहारमा पनि रहनुपर्दछ। सार्वजनिक निकायबाट प्रवाह हुने सेवा सुविधामा नागरिकहरूबीच सामान्यतया विभेद गर्न मिल्दैन। प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार रहन्छ।[६] संविधानमा व्यक्तिका जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने प्रत्याभूति मौलिक हककोरूपमा प्रत्याभूति गरिएको छ। गोपनीयताको हक मानव जीवनको सम्मानपूर्ण अस्तित्वसँग जोडिएको हुने हुँदा राज्यले व्यक्तिको गोपनीयताको हकको पनि सम्मान र संरक्षण गर्नुपर्ने नै हुन्छ। तर यो हक असीमित र बन्देजरहित नभएकाले उचित कानूनका आधारमा राज्यले व्यक्तिका आवश्यक विवरण लिन सक्दछ। संविधान र कानूनको पालना

[६] मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१(२)

गर्नु नागरिकको पनि कर्तब्य हुन्छ।[७] त्यसैले नागरिक वा व्यक्तिले पनि राज्यले कानूनबमोजिम मागेको विवरण दिन्न भन्न मिल्दैन। नागरिकबाट लिइएको यस्तो विवरण सार्वजनिक सेवा प्रवाहका अतिरिक्त राज्यले अपराध नियन्त्रण तथा विद्युतीय सुशासन कायम गर्नका लागि प्रयोग गर्न सक्ने भन्ने विपक्षीहरूको जिकिरलाई अन्यथा मान्नुपर्ने अवस्था देखिँदैन। बरू नागरिकले राज्यलाई अभिभावकको रूपमा विश्वास गरी दिएको विवरणको गोपनीयताको संरक्षण र सुरक्षाको प्रत्याभूति राज्यको तर्फबाट गरिदिनुपर्ने हुन्छ। सार्वजनिक सेवा प्रवाहको लागि राज्यबाट कानूनमार्फत राष्ट्रिय परिचयपत्रको अनिवार्यता गरिन्छ भने त्यसको लागि समयमा नै नागरिकको विवरण सङ्कलन गर्ने र परिचयपत्र वितरण गर्ने दायित्व सरकार तथा यसका सम्बन्धित निकायमा रहन्छ। समयमा राष्ट्रिय परिचयपत्र वितरण गर्न नसकेको कारणले नागरिकलाई दिइराखेको सेवा सुविधा दिन इन्कार गर्नु लोक कल्याणकारी राज्यका लागि शोभनीय विषय हुन सक्दैन। यसर्थ, राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरिएको अवस्थामा यसको सहज र सरलरूपमा प्राप्त गर्ने अवसर नेपाली नागरिकलाई प्रदान गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ४ को उपदफा (१) मा कुनैपनि नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र प्राप्त गर्नबाट बञ्चित गरिने छैन भन्ने उल्लेख भएबाट प्रत्येक नेपाली नागरिकलाई समयमा सरल र सहज रुपमा राष्ट्रिय परिचयपत्र प्रदान गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने दायित्व सरकार तथा सार्वजनिक निकायहरूको हो।

विपक्षीहरूको लिखित जबाफमा संविधानको मार्गदर्शन, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३, १० को व्यवस्थाको कार्यान्वयनको लागि विभिन्न सेवाहरुमा चरणबद्ध रुपमा राष्ट्रिय परिचयपत्र प्रयोग गर्ने सम्बन्धमा सूचना प्रकाशन गरी लागू गरिएको, ऐनको व्यवस्थाको कार्यान्वयनको क्रममा एक करोड एकसठ्ठी लाख नागरिकले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरिसकेको, बाँकीका लागि देशका विभिन्न स्टेशनका राष्ट्रिय परिचयपत्र इकाईबाट विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरण भइरहेको भन्ने उल्लेख भएको छ। साथै, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए तापनि सेवा लिन बाधा

[७] नेपालको संविधानको धारा ४८ को खण्ड (ख)

नपर्ने उल्लेख भएको अबस्था छ। यसरी राष्ट्रिय परिचयपत्रको लागि नागरिकका व्यक्तिगत तथा जैविक विवरण अभियानको रूपमा सङ्कलन भइरहेको, राष्ट्रिय परिचयपत्र वितरणको कार्य पनि भइरहेको साथै अशक्त, असहाय र अति वृद्ध व्यक्तिहरूका लागि परिचयपत्र नभए तापनि सेवा लिन बाधा नपर्ने, राष्ट्रिय परिचयपत्र प्राप्त नहुञ्जेल परिचयपत्र नम्बरका आधारमा पनि सार्वजनिक सेवा प्राप्त गर्न सकिने अवस्था रहेकाले राष्ट्रिय परिचयपत्र नभएकै कारणले नागरिकले पाउने वा पाइरहेको सार्वजनिक सेवा सुविधाबाट वञ्चित हुने वा वञ्चित गर्न मिल्ने भन्ने देखिन आएन।

३१. अव, चौथो प्रश्नका सम्बन्धमा बिचार गर्दा, विपक्षी नेपाल सरकारबाट मिति २०८१।३।१० को उक्त सूचना जारी गर्नु पर्नाका कारणमा गृह मन्त्रालयको प्रस्तावको पृष्ठभूमि हेर्दा, नेपाली नागरिकताको प्रमाणपत्रको अलावा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरेरसमेत नागरिकले सेवा लिन सक्ने व्यवस्था गर्न, राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको एकीकृत कर व्यवस्थापन सूचना प्रणाली, स्वास्थ्य बीमा बोर्ड प्रणाली तथा सामाजिक सुरक्षा प्रणालीबिच आवद्धताको लागि स्वीकृति भएको, सेवा आवद्धतापश्चात् व्यक्तिको विवरण संकलनमा दोहोरोपन नहुने, एकै परिचयपत्रबाट विभिन्न सेवाहरु प्राप्त गर्न सकिने भएको भन्नेसमेत उल्लेख भएको देखिन आउँछ। विपक्षी गृह मन्त्रालयको उक्त सूचनामा उल्लिखित *नेपाली नागरिकताको* ***सट्टामा*** *राष्ट्रिय परिचयपत्र* भन्ने शब्दलाई मात्र निरपेक्ष वा यान्त्रिकरूपमा हेरी व्याख्या गर्दा सही निष्कर्षमा पुग्न सकिने देखिँदैन। त्यसरी उल्लेख भएकै आधारमा नागरिकता लिएका तर राष्ट्रिय परिचयपत्र प्राप्त गरी नसकेका नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्नु हुन्छ भन्ने अर्थ गर्न मिल्दैन।

३२. विपक्षीहरुको लिखित जबाफमा प्रत्येक सरकारी वा सार्वजनिक निकायमा आफ्नो विवरण प्रत्येक पटक बुझाउनुपर्ने अवस्थाको अन्त्य गरी सेवा प्राप्तिमा सहजीकरण ल्याउन, राज्यबाट प्राप्त गर्ने दोहोरो सुविधा प्राप्त गरेकालाई नियमन तथा आर्थिक र वित्तीय अपराध नियन्त्रण गरी अर्थतन्त्रलाई गतिशील तुल्याउन, राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीलाई विभिन्न निकायका सूचना प्रणालीसँग आवद्ध गरी यसको बहुआयामिक उपयोगबाट सार्वजनिक सेवा प्रवाहमा सुधार तथा समग्रमा सुशासन प्रवर्द्धन गर्ने लक्ष्यसाथ राष्ट्रिय

परिचयपत्र लागू गरिएको तथा राज्यबाट राष्ट्रिय परिचयपत्रको लागि नीतिगत निर्णय, संरचना, तयारी, आर्थिक लगानीसमेत भइसकी प्रतिफल प्राप्त गर्ने चरणमा रहेको भन्ने उल्लेख भएको छ। यसबाट नेपाली नागरिकलाई सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा सहजताको लागि एक महत्वपूर्ण आधारको रुपमा राष्ट्रिय परिचयपत्र रहने भएकाले राष्ट्रियतासँग जोडिएको नागरिकताको प्रमाणपत्रलाई यसले विस्थापित गर्छ भन्न मिल्ने अवस्था देखिँदैन। नेपाली नागरिकताको प्रमाणपत्र बेगर राष्ट्रिय परिचयपत्र बन्न सामान्यतया नसक्ने र राष्ट्रिय परिचयपत्रको विद्युतीय चिप्समा नागरिकताको किसिम र नागरिकता नम्बरसमेतको अभिलेख रहने भन्ने देखिन्छ। त्यसैले, विपक्षी गृह मन्त्रालयको मिति २०८१।३।१० को सूचना संवैधानिक मार्गदर्शन तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को कार्यान्वयन प्रयोजनार्थ जारी भएको देखिन्छ र सो ऐनको व्यवस्था कायम रहँदासम्म सो ऐनका आधारमा जारी भएको उक्त सूचना बदर हुन नसक्ने परिप्रेक्ष्यमा नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत भनी पर्न आएको रिट निवेदनबाट कानूनको संवैधानिकताको परीक्षण हुन सक्ने अवस्थाको बिद्यमानता नरहेकोसमेतबाट निवेदकले चुनौती दिएको विपक्षी गृह मन्त्रालयको मिति २०८१।३।१० को सूचना निवेदन मागबमोजिम उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने देखिएन र सो सूचना कार्यान्वयन नगर्नू, नगराउनू भनी परमादेशको आदेशसमेत जारी गर्न मिल्ने देखिएन। **अतः प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।** परिणामतः यस अघि जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुन्छ।

३३. प्रस्तुत रिट निवेदन खारेज हुने भएपनि विपक्षीहरुका नाउँमा केही निर्देशनात्मक आदेश जारी गर्नुपर्ने आवश्यकता यो इजलासले महसुस गरेको छ। निवेदनमा उठाएको विषयवस्तुको गाम्भीर्यतालाई हेर्दा राष्ट्रिय परिचयपत्रको प्रभावकारिता अभिवृद्धि गर्न प्रत्येक नेपाली नागरिकले सहजरुपमा त्यस्तो परिचयपत्र प्राप्त गर्न सक्ने अवस्थाको सिंर्जना सरकारले गर्नुपर्ने भई नागरिकको अभिभावकीय भुमिका निर्वहन गर्नुपर्ने हुन्छ। नेपाली नागरिकता भएर पनि राष्ट्रिय परिचयपत्र नभएकै कारणले सरकारी वा सार्वजनिक निकायबाट प्रवाह गरिने सेवा सुविधाबाट नागरिक वञ्चित हुने अवस्था आउन दिनु हुँदैन। विपक्षीहरुको लिखित जबाफबाट बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए पनि सामाजिक सुरक्षा

लगायतका सेवा लिन बाधा नपर्ने, राष्ट्रिय पञ्जीकरण विभागले आफ्नो शाखा कार्यालय वा इकाई वा स्थानीय अधिकारीबाट राष्ट्रिय परिचयपत्रको लागि नागरिकका वैयक्तिक विवरणहरु संकलन गर्ने र परिचयपत्र वितरण गर्ने काम भइरहेको, २०७५ सालदेखि नागरिकका विवरण संकलन गरी सुरु गरिएको राष्ट्रिय परिचयपत्र वितरणको क्रममा हाल एक करोड एकसठ्ठी लाख नागरिकले राष्ट्रिय परिचय नम्बर प्राप्त गरिसकेको, देशभर ६५३ वटा इकाईबाट विवरण संकलन र कार्ड वितरण भइरहेको भन्ने उल्लेख गरिएकोमा कूल जनसंख्याको अनुपातमा यो पर्याप्त देखिँदैन।

अझैपनि राष्ट्रिय परिचयपत्र प्राप्त गर्न नसकेका नेपाली नागरिकको संख्या ठुलो रहेको विपक्षीहरूबाट लिखित जबाफमार्फत पेस गरेको तथ्य तथ्याङ्कबाट देखिएको छ। त्यसैले नेपाली नागरिकताको प्रमाणपत्र भएर पनि राष्ट्रिय परिचयपत्र प्राप्त नभएका कारण सामाजिक सुरक्षा भत्ता लगायत सेवा सुविधा प्राप्त गर्न कठिनाई भएको भन्ने रिट निवेदनमा उल्लिखित बेहोरालाई अन्यथा भन्न सकिने अवस्थासमेत छैन। त्यस्तै, सार्वजनिक सेवा सुविधा प्रदान गर्न तथा प्रणालीगत सुधार गरी सुशासन कायम गर्नको लागि भनी लिएको आफ्ना नागरिकका व्यक्तिगत तथा जैविक विवरणको दुरूपयोग हुन नदिने र विद्युतीय अभिलेख सहितको सूचनासमेतको संरक्षणको प्रत्याभूतिका लागि थप विश्वासलायक कानूनी, नीतिगत, संरचनागत तथा व्यवस्थापकीय प्रबन्ध सरकारले गर्नुपर्ने हुन्छ। तसर्थ, देहायबमोजिम गर्न गराउन विपक्षीहरूका नाउमा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छः-

(क) राष्ट्रिय परिचयपत्र प्राप्तिका बारेमा सबै नागरिकलाई जानकारी गराउन सूचना प्रवाह गर्ने कार्यमा थप प्रभावकारिता ल्याउने कार्य गर्न, नागरिकका बासस्थान नजिकको बिन्दुमा पुगी नेपाली नागरिकतासमेतका आधारमा नागरिकका व्यक्तिगत तथा जैविक विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरणको कार्य यथाशीघ्र सम्पन्न गरी राष्ट्रिय परिचयपत्र नभएकै कारणले सार्वजनिक सेवा प्रवाहमा व्यहोर्नु परेको झन्झट, असहजता र कठिनाईको अन्त्य गर्नू।

(ख) सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूमा राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन तथा वितरणका लागि पर्याप्त स्टेशन वा ईकाई खडा गरी कार्य गर्नू।

(ग) राष्ट्रिय परिचयपत्रका विवरण वैज्ञानिक तरिकाले अभिलेखीकरण गरी व्यक्तिका

सूचना अनधिकृत प्रयोग वा दुरुपयोग हुन नदिने, राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्बर प्रयोग गरी सेवा प्रदान गर्ने अन्य निकायका प्रणालीको सुरक्षा संपरीक्षण गर्ने तथा व्यक्तिका विद्युतीय विवरण सुरक्षित र गोपनीयताको संरक्षण गरी राख्ने कुराको प्रत्याभूतिका लागि जो गर्नुपर्ने नीतिगत, कानूनी, संरचनागत प्रबन्धको विकाससमेत गर्नू गराउनू।

३४. यो निर्देशनात्मक आदेशको आवश्यक कार्यान्वयन प्रयोजनार्थसमेत महान्यायाधिवक्ताको कार्यालयमार्फत आदेशको जानकारी विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रबिष्ट गर्नू। रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेखमा बुझाई दिनू।

(नृपध्वज निरौला)
न्यायाधीश

**उक्त रायमा हामी सहमत छौं।**

**(अब्दुल अजीज मुसलमान)**
**न्यायाधीश**

**(प्रकाशमान सिंह राउत)**
**प्रधान न्यायाधीश**

इजलास अधिकृतः खेमकुमारी बस्नेत
कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना
इति संवत् २०८१ साल माघ ६ गते रोज १ शुभम् ...........................................।